# १९ औं EWER त्रैमासिक प्रतिवेदन

## अक्टुवर – डिसेम्वर, २०१९

### पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने कोशिस गरेको छ । नेपालको सातवटै प्रदेशमा रहेका सात जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको सात वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो । **२०१९ को अक्टुवरदेखि डिसेम्बर महिना**सम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ ।

### सारांश

- **विगतमा झै यस अवधिमा देशका सातै प्रदेशका अधिकांश स्थानीय तहहरुमा कर्मचारीको अभाव कायमै रहेको पाईयो । पहाडी क्षेत्रका कतिपय पालिकाहरुमा एकैजना सचिवले धेरै वडाको समेत जिम्मेवारी बहन गर्नुपर्दा सेवा नै झन्झटिलो हुने गरेको छ । कर्मचारी अभावकै कारण सेवाग्राहीहरुले स्थानीय तहमा सहज सेवा पाउन नसक्दा थप सास्ती पाउनुका साथै जनप्रतिनिधिहरुमाथिनै आक्रोश व्यक्त गर्न थालेका छन् । अन्य सरकारी कार्यालयले पनि कर्मचारी अभावको समस्या झेल्नुपरेको पाईएको छ ।**
- **स्थानीय तहमा कार्यपालिका सदस्य एवं जनप्रतिनिधिहरुवीच, त्यसैगरि कर्मचारी र जनप्रतिनिधिहरुवीचको असमझदारी र तनावका कारण उत्पन्न हुने बिबादले कतिपय स्थानीय तहहरुमा सेवा समेत प्रभावित हुने गरेको छ । बिबादकै कारण कतिपय पालिकाहरुमा न्यायिक समितिले अझै पूर्णता पाउन सकेका छैनन् भने कतिपयमा हडताल र तालाबन्दीका कारण समेत सेवा अवरुद्ध समेत हुने गरेको पाईएको छ ।**
- **बिगतमा झै यस त्रैमासिक अवधिमा पनि स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधारको अभाव कायमै रहेको पाईयो । सातवटै प्रदेशका अधिकांश स्वास्थ्य क्षेत्रहरुमा दक्ष स्वास्थ्यकर्मीको अभाव, दरबन्दी अनुसारको चिकित्सक र स्वास्थ्य कर्मचारी नहुने, औषधीको अभाव र भौतिक संरचनाका साथै स्वास्थ्य उपकरणको अभावले यस अवधिमा पनि बिरामीहरुले निकै समस्या झेल्नु परेको पाईयो ।**
- **नेपाल सरकारले प्रत्येक स्थानीय तहमा कम्तिमा एक बैंङ्गिग सुबिधा पुर्‍याउने भनेता पनि कतिपय स्थानीय तहमा अझै बैंक सुबिधा नहुदा सर्वसाधारणलाई बैंकिङ्ग कारोवारमा निकै असहज हुँदै आएको छ ।**
- **प्रदेश नं. ५ को अर्घाखाची जिल्लामा भने स्थानीय तहले न्यायिक समितिमा आउने मुद्दाहरुमा पनि सेवाग्राहीहरुसंग शुल्क लिईने गरेको यस त्रैमासिक अवधिमा सार्वजनिक जानकारीमा आयो । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ ले त्यस्तो व्यवस्था नगरेको भएता पनि जिल्लाका ६ वटा पालिकाहरुमध्ये पाणिनी गाउँपालिका, सन्धिखर्क नपा र छत्रदेव गाउँपालिकाले दर्ता शुल्क लिदै आएको पाईएको छ ।**
- **बिगतमा झै यस त्रैमासिक अवधिमा पनि प्रदेश नं. ५ मा जनसरोकारवाला निकायहरु भ्रष्टाचारबाट मुक्त हुन सकेनन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले यस अवधिमा पनि भ्रष्टाचार र आर्थिक अनियमितताको आरोपमा बिभिन्न निकायहरुमा कार्वाहीलाई तिव्रता दिएको पाईयो ।**

- भौतिक निर्माणको काम समयमै सम्पन्न नगर्ने निर्माण व्यवसायी एवं फर्म र कम्पनीहरुलाई यस त्रैमासिक अवधिमा कार्वाही प्रक्रियाको समेत थालनी भएको सार्वजनिक जानकारीमा आएको पाईयो ।
- विद्युत महशुलको ठूलो रकम लामो समयदेखि भुक्तानी नगर्ने निकायहरुमा काठमाडौं उपत्यकाकै स्थानीय तहहरु अग्रणी रुपमा रहेको सार्वजनिक जानकारीमा आयो । काठमाडौ र ललितपुर महानगरपालिका त्यसैगरि भक्तपुर, किर्तीपुर लगायतका नपा र अन्य पालिकाहरुले करौडौं रकम भुक्तानी नगरेको बिषय यस अवधिको चासोको बिषय रह्यो ।
- बिगतमा झैं यस अवधिमा पनि हत्या, अपहरण र लुटपाट जस्ता आपराधिक भय र त्रासबाट स्थानीय व्यक्तिहरु मुक्त हुन सकेनन् । यस्ता किसिमका घटनाहरुले एकातिर भय र त्रासमा बृद्धि गर्नुका साथै अर्कोतिर सुरक्षा चूनौती समेत बढेर गएको पाईयो ।
- बिगतमा झैं यस अवधिमा पनि सातवटै प्रदेशहरुमा लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भएको पाईयो । यस अवधिमा बिशेषत: बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, बोक्सीको आरोपमा दुर्व्यवहार, मानव वेचविखन तथा ओसार पसार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु भए । यसमा महिलाहरु बढी पीडित भएको पाईयो । बलात्कारका घटनामा नावालिका उमेर समूहका नै बढी पीडित भएको देखियो, जसमा बाबुद्वारा छोरी बलात्कारका घटना समेत सार्वजनिक जानकारीमा आए । *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको कारणले गोप्य राखिएको छ ।)*
- बिगतमा झैं यस त्रैमासिक अवधिमा पनि सुरक्षाकर्मीद्वारा नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुलाई पकाउ गर्ने कार्यलाई तिव्रता दिएको पाईयो । यस क्रममा सो संगठनका केन्द्रीय सदस्य लगायत जिल्लास्तरका धेरै नेता कार्यकर्ताहरु पकाउ गरिएको सुरक्षा निकायले जनायो । त्यसैगरि उक्त संगठनका कार्यकर्ताहरुले पनि सातवटै प्रदेशमा हिंसात्मक गतिबिधिका साथै भौतिक संरचनामा समेत क्षति पुऱ्याई संगठनात्मक उपस्थिती जनाउन खोजेको पाईयो ।
- बेला बेलामा राजनीतिक दलहरुवीच बिबाद र झडपका घटनाहरु सार्वजनिक भईरहने गरेको छ । यसैसन्दर्भमा प्रदेश नं. २ को क्षीरेश्वरनाथ नपामा राजनीतिक दलका कार्यकर्ताहरुवीच भएको झडपमा सातजनाभन्दा बढी घाईते भएको पाईयो । दशैं र तिहारको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रमको दौरान उक्त घटना भएको थियो ।
- प्रदेश नं. ३ को मकवानपुरमा पर्ने दुई गाउँपालिकावीच नदीजन्य उत्खनन्को बिषयमा चुलिएको बिबादले दुवै पालिका प्रतिनिधिहरुवीचको तिक्तता बढदो रुपमा देखिन थालेको छ । खासगरी सीमा क्षेत्र छुट्टिने नदीहरु स्थानीय तहको आम्दानीको एक श्रोत समेत मानिने भएको हुँदा बिबाद उत्कर्षमा पुगेको पाईएको हो ।
- प्रदेश ३ को नारायणी नदीमा जनताको तटबन्ध योजना संचालन भएको एक दशक बित्दा समेत योजना सम्पन्न हुन नसक्दा स्थानीय कृषक र समुदाय यसबाट प्रभावित हुँदै आएका छन् ।
- यस अघिका त्रैमासिक प्रतिवेदनहरुमा नदीजन्य पदार्थ निकासीका लागि अवैध क्रसर संचालन हुने गरेको उल्लेख भएकोमा यस त्रैमासिक अवधिमा भने कतिपय स्थानहरुमा मापदण्ड बिपरीत संचालनमा रहेका अवैध क्रसरहरु बन्द समेत गरेको र बन्दको लागि स्थानीय प्रशासनले निर्देशन दिईएको पाईयो ।
- नेपालमा सशस्त्र द्वन्द्वको १३ वर्ष बितिसक्दा समेत बेपत्ता पारिएका परिवार र द्वन्द्व पीडित परिवारले अझै राहत, न्याय र पुर्नस्थापनामा सरकारबाट सहयोग नभएको जनाउँदै यस त्रैमासिक अवधिमा पनि द्वन्द्वकालका उजुरीहरुमाथि छानवीन गर्न माँग गरेका छन् । द्वन्द्वका समयमा द्वन्द्वकै कारणले घाईते भएका कतिपय पीडितहरु अझै पनि उपचारबाट बंचित अवस्थामा समेत रहेको पाईयो ।
- बिगतमा झैं भूकम्प प्रभावितहरुले यस त्रैमासिक अवधिमा पनि आवास निर्माणका लागि सरकारबाट पाउने राहतमा समस्या देखिएको पाईयो । कतिपय पालिकाका पीडितहरुले पहिलो किस्ताकै रकम पाउन सकेनन् भने कतिपयले पहिलो किस्ता पाएतापनि दोश्रो र तेश्रो किस्ता रकम नपाउँदा निर्माणमा समस्या भएको बताउँदै आएका छन् । केही ठाउँमा बिद्यालयको पुर्ननिर्माणमा भएको ढिलाईले बिद्यार्थीहरुको पठन पाठनमा समेत समस्या हुँदै आएको छ ।
- प्रधानमन्त्री के. पी. शर्मा ओलीले आफ्नो महत्वपूर्ण योजनाहरुमध्ये तुईन हटाउने कार्यलाई प्राथमिकतामा राखेपनि प्रदेश नं. ३ मा अझै पूर्ण रुपले हटिसकेको छैन । झोलुङ्गे पुलको निर्माणमा

**भएको ढिलाईका कारण तुईन बिस्थापित नहुँदा दुर्गम भेगका बासिन्दाले अझै पनि सास्ती व्यहोर्न बाध्य हुनुपरेको छ ।**

- **पाँच वर्ष अघि सरकारले बाढीबाट पीडितलाई पनि भुकम्प पीडितले सरह राहत सहयोग उपलब्ध गराउने घोषणा गरेकोमा प्रदेश नं. ५ स्थित गुलरिया नपाका पीडितहरुले सो रकम यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि पाउन सकेनन् । रकमको अभावमा पीडितहरु अझै पनि पालमुनी नै बस्न बाध्य भएको पाईएको छ ।**

---

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**बिगमा झै यस अवधिमा देशका सातै प्रदेशका अधिकांश स्थानीय तहहरुमा कर्मचारीको अभाव कायमै रहेको पाईयो । पहाडी क्षेत्रका कतिपय पालिकाहरुमा एकैजना सचिवले धेरै वडाको समेत जिम्मेवारी बहन गर्नुपर्दा सेवा नै झन्झटिलो हुने गरेको छ । कर्मचारी अभावकै कारण सेवाग्राहीहरुले स्थानीय तहमा सहज सेवा पाउन नसक्दा थप सास्ती पाउनुका साथै जनप्रतिनिधिहरुमाथिनै आक्रोश  व्यक्त गर्न थालेका छन् । अन्य सरकारी कार्यालयले पनि कर्मचारी अभावको समस्या झेल्नुपरेको पाईएको छ ।**

प्रदेश नं. १ अन्तर्गत ईलामको फाकफोकथुम गाउँपालिकामा कर्मचारीको अभावले दुई-दुई ओटा वडाको काम एक जना सचिवले गर्दै आएका छन् । कुनै वडामा सामाजिक परिचालककालाई वडा सचिवको जिम्मेवारी दिईएको छ । एउटा सचिवको भर पर्नुपर्दा नागरिकताको सिफारिस निकाल्न तीन दिन कुर्नु परेको वडा नं ४ का सेवाग्राही वीरबहादुर राई बताउँछन् । गाउँपालिका उपाध्यक्ष सरस्वति राईका अनुसार कार्यालयको प्रशासन, लेखा र योजना शाखामा कर्मचारी छैनन् । दु:खले काम चलेको छ । लामो समयदेखि कर्मचारी माग गर्दा समेत कर्मचारी नै नआएको राईको भनाइ छ । गाउँपालिकाका पशु, कृषिलगायतका शाखामा पनि कर्मचारी छैनन् । जिल्लाको दुर्गम मानिने माङसेबुङ गाउँपालिकाका ६ ओटै वडामा वडा सचिव छैनन् । उक्त गाउँपालिका कार्यालयमा १७ जनाको दरवन्दीमा दुईजना मात्र कर्मचारी रहेको गाउँपालिका अध्यक्ष डिकेन्द्र इदिङ्गोको भनाई रहेको छ । यसरी गाउँपालिकाहरुमा कर्मचारी अभाव भएपछि समयमा काम हुन नसक्दा सेवाग्राही समस्यामा परेका छन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

त्यसैगरि पाथिभरा याङ्वरक गाउँपालिकास्थित ६ ओटा वडाको काम दुई जना सचिवले गर्नुपर्ने भएकाले सेवाग्राही मर्कामा परेका छन् । गाउँपालिकाका अध्यक्ष केशरकुमार मेन्याङबोका अनुसार चारजना सुब्बाको दरबन्दीमा चारै दरवन्दी रिक्त छ । दुईजना अधिकृतहरु पनि रिक्त नै छन् । भौगोलिक रुपमा विकट मानिएका स्थानहरुबाट सेवा लिन आउने जनता समय र पैसा खर्चिएर आए पनि बेलैमा काम नहुँदा सेवाग्राहीको गुनासो सुन्नु बाहेक विकल्प नरहेको सो पालिकाका अध्यक्ष मेन्याङवो बताउँछन् । त्यस्तै मेन्छ्याम्यो गाँउपालिकाको पाँचवटा वडाहरु कुनैमा पनि ०७३ फागुन २७ गतेबाट वडा सचिव छैनन् । वडाहरू सचिव विहिन हुँदा दैनिक कार्यसम्पादनमा समेत समस्या भएको गाँउपालिकाका प्रवक्ता प्रदीप बुढाथोकीले जनाए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

पाँचथर जिल्लाको विभिन्न स्थानीय तहका १५ वटा वडा सचिवविहीन हुँदा सेवा प्रवाहमा समस्या भई सेवाग्राही मारमा परेका छन् । एक नपा र सात गाउँपालिकामा गरी जम्मा ६० मध्ये रिक्त रहेका १५ वडा छिमेकी वडाका सचिवले कार्यालयका दैनिक कामहरु सञ्चालन गर्नुपर्दा सेवाग्राहीहरुले प्रभावकारी सेवा पाउन सकिरहेका छैनन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

प्रदेश नं. ४ स्थित पूर्वी नवलपरासीको बुलिङटार गाउँपालिकाका अधिकांश वडा कार्यालयहरुमा सचिव नहुँदा सेवा लिन वडा कार्यालयमा आउने सेवाग्राहीले समस्या व्यहोर्नु परेको छ । कतिपय वडामा वडाध्यक्ष आफै सचिवको काममा व्यस्त भएको देखिन्छ । वडा नं.-६ का अध्यक्ष सूर्यबहादुर रानाले कर्मचारी सचिव नभएका कारण चिठीपत्र तयार पारिदिने लगायतका कामहरुमा दिनभर व्यस्त हुनुपर्ने बताए । वडा कार्यालयमा पंजीकरणको काम पनि स्वास्थ्यकर्मीहरुले गर्नुपरिरहेको स्थानीय जनप्रतिनिधिहरुले गुनासो गरेका छन । गाउँपालिकाभरि ३० कर्मचारीको दरबन्दी भएता पनि कार्यरत जम्मा २ मात्र छन् । अन्य केही प्राविधिक करारमा राखिएको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

प्रदेश नं. ५ को रोल्पामा कर्मचारी अभाव हुँदा जिल्लाका स्थानीय तहको सेवा प्रवाहमा समस्या उत्पन्न भएको छ । शिक्षा शाखा प्रमुखको जिम्मेवारी आइटी प्राविधिकलाई दिइएपछि ५ महिनादेखि शिक्षकहरूले तलब पाएका छैनन् । एक नपा र नौ वटा गाउँपालिका रहेको रोल्पामा अधिकांश स्थानीय तहमा कर्मचारीको अभाव छ । यसअघि विद्यालय स्रोत व्यक्तिले हेर्दै आएको गाउँपालिकाको शिक्षा शाखाको जिम्मेवारी अहिले आइटी प्राविधिकको भरमा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको त्रिवेणी गाउँपालिकाका अध्यक्ष शान्तकुमार ओलीले बताए ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

कर्णाली प्रदेशमा कर्मचारीको अभाव कायमै छ । कर्मचारी अभावका कारण संरचना विस्तार र बजेट कार्यान्वयनमा चुनौति देखिएको छ । प्रदेशको कुल २ हजार ५ सय ५५ दरबन्दीमध्ये १ हजार १ सय कर्मचारी मात्र कार्यरत छन् । यसले गर्दा स्थानीय तहबाट नागरिकले पाउने सेवा सुबिधाका कार्यहरु समेत प्रभावित हुन पुगेको छ । ०७६ असोज १४ गतेको साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

सुदुर पश्चिम प्रदेशको डोटी जिल्लास्थित जिल्ला प्रशासन कार्यालयमा कर्मचारकिो अभाबले सेवाग्राहीहरुले जिल्ला प्रशासन कार्यालयबाट सेवालिन सकेका छैन । जिल्ला प्रशासन कार्यालय डोटीमा कर्मचारीको दरबन्दी अनुसार कर्मचारी नहुँदा सेवाग्राहीहरु मर्कामा परेका हुन् । १६ जना कर्मचारी दरबन्दी भएकोमा ६ जना मात्र कर्मचारीहरु कार्यरत रहेका छन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- सुदुर पश्चिम प्रदेश)

**स्थानीय तहमा कार्यपालिका सदस्य एवं जनप्रतिनिधिहरुवीच, त्यसैगरि कर्मचारी र जनप्रतिनिधिहरुवीचको असमझदारी र तनावका कारण उत्पन्न हुने विवादले कतिपय स्थानीय तहहरुमा सेवा समेत प्रभावित हुने गरेको छ । विवादकै कारण कतिपय पालिकाहरुमा न्यायिक समितिले अझै पूर्णता पाउन सकेका छैनन् भने कतिपयमा हडताल र तालाबन्दीका कारण समेत सेवा अवरुद्ध समेत हुने गरेको पाईएको छ ।**

प्रदेश २ स्थित सप्तरीको राजगढ गाउँपालिकाको अध्यक्ष तथा कार्यपालिकाको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै राजगढ गाउँपालिकाका तीन जना वडाध्यक्षको नेतृत्वमा कार्यालयमा तालाबन्दी गरिएको छ । विकास निर्माणका योजनामा काखापाखा गर्दै अधिकांश गतिविधि नियम विपरीत गरिएको आरोप लगाउँदै वडा नम्बर २ का अध्यक्ष ललितनारायण सिंह, वडा नम्बर ४ का अध्यक्ष हेमनारायण साह र वडा नम्बर ६ का वडाध्यक्ष कमलदेव यादव लगायतले तालावन्दी गरेका हुन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

प्रदेश नं. ५ स्थित कपिलवस्तु जिल्लाको बुद्धभुमि नपामा जनप्रतिधिहरूले पालिका कार्यालयमा ताला लगाएका कारण सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रभावित भएकोमा लक्षित समूहले ताला खोलेर उक्त रकम वितरण गर्न माँग गर्दै ०७६ कात्तिक १४ गते नपाको कार्यालय घेराउ गरेका छन् । बुद्धभुमि नपामा नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतबीच सरूवाको विषयलाई लिएर भएको विवादमा जनप्रतिनिधिहरूले कात्तिक ३ गतेदेखि ताला लगाएका कारणले तिहारअघि लक्षित समूहले सामाजिक सुरक्षा भत्ता पाउन नसकेका हुन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि प्रभावकारी सेवा प्रवाहमा हुनुपर्ने सुधारमा कुनै ध्यान नदिईउको नै पाईयो । सातवटै प्रदेशका अधिकांश स्वास्थ्य क्षेत्रहरुमा दक्ष स्वास्थ्यकर्मीको अभाव, दरबन्दी अनुसारको चिकित्सक र स्वास्थ्य कर्मचारी नहुने, औषधीको अभाव र भौतिक संरचनाका साथै स्वास्थ्य उपकरणको अभावले यस अवधिमा पनि बिरामीहरुले निकै समस्या भोग्नु परेको पाईयो ।**

प्रदेश नं. १ को झापा जिल्लास्थित मेची अस्पतालमा चिकित्सक अभावका कारण बिरामीहरुले उपचारबाटै बन्चित ह'नेपर्ने अवस्था रहयो । २८ जना चिकित्सकको दरवन्दी रहेको अस्पतालमा यतिबेला १३ जना मात्र कार्यरत छन् । त्यसैगरि ६ जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा एकजना मात्र कार्यरत छन् । यसले

गर्दा बिभिन्न बिकट पहाडी क्षेत्रबाट स्वास्थ्य उपचारका लागि आउने सयौं बिरामीले प्रभावकारी स्वास्थ्य सेवा पाउन नसक्दा थप सास्ती व्यहोर्नु परिरहेको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

खोटाङस्थित जिल्ला अस्पतालमा हरेक विभागमा दुई जना कर्मचारीको दरबन्दी भए पनि यतिबेला एक एकजना मात्र कार्यरत छन् । प्रभावकारी स्वास्थ्य सेवा अभावका कारण बिरामीहरु स्वास्थ्य उपचारका लागि काठमाडौं, विराटनगर र धरान लगायतका अस्पताल पुग्नुपर्ने बाध्यता रहेको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

ओखलढुङ्गास्थित रुम्जाटार अस्पतालमा सुविधासम्पन्न भवन भएपनि शल्यक्रियाका लागि आवश्यक उपकरण तथा विशेषज्ञ चिकित्सकको अभाव भने कायमै छ । जनशक्ति र उपकरण अभाव हुँदा सामान्य चेकजाँचमै अस्पताल सिमीत छ । यसले गर्दा जटिल प्रकृतीका बिरामीहरु काठमाडौं, धरान, बिराटनगर लगायतका स्थानहरुमा जान बाध्य छन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

भोजपुर जिल्लास्थित षडानन्द नपामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र र १३ ओटा स्वास्थ्य चौकीका प्राय: कर्मचारीहरु सरूवा भएर अन्यत्र गएका कारण हाल चारवटा स्वास्थ्य चौकी चिकित्सक विहीन अवस्था छन् । स्वास्थ्यकर्मी अभावका कारण नपाका अधिकांश जनताहरु प्राथमिक स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेको स्थानीय जनप्रतिनिधिहरुको गुनासो रहेको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

प्रदेश नं. ३ स्थित काठमाडौंमा औषधी अभाव भएपछि क्षयरोगका बिरामी समस्याग्रस्त बनेका छन् । राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुरले देशभर वितरण गर्दै आएको क्षयरोगका बिरामीको बहुऔषधी प्रतिरोधी (एमडिआर) उपचारको औषधी सेवन गर्दै आएका बिरामीले औषधी नपाएपछि ज्यान जोखिममा परेको हो । क्षयरोगको प्रभावकारी उपचारका लागि नेपालमा शुरु भएको नौ महिने छोटो उपचार विधिमा बिरामीले नौ महिना आवश्यक औषधी सेवन गरी चारदेखि छ महिनासम्म सुई लिनुपर्ने हुन्छ । 'क्यानामाइसिल' औषधी गत नोभेम्बरबाटै सकिएको र दामियन फाउण्डेसन बेल्जियमबाट चार हजार पिस औषधी मगाए पनि तीन हजार २०० पिस मात्रै आएको र यो १८ दिनमै सकिएपछि औषधी अभाव भएको ०७६ पुष ९ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ३)

प्रदेश नं. ५ को बर्दियास्थित अस्पतालहरुमा यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि नि:शुल्क वितरण गरिने औषधीको अभाव हुँदा निम्न आय भएका बिरामी प्रभावित भएका छन् । अस्पतालले औषधी खरीदका लागि समयमै बजेट निकासा नहुँदा औषधीको समस्या भएको जनाएको छ । राज्यले विपन्न, द्वन्द्वपीडित, लोपोन्मुख जाति, मुक्त कमैया, कमलरी लगायतलाई नि:शुल्क औषधी उपलब्ध गराउँदै आएको छ। यसैगरी आमा सुरक्षा कार्यक्रम अन्तर्गत अस्पतालमा सुत्केरी गराउन आउनेलाई १ हजार ८ सयका दरले दिने भत्ता समेत प्रभावित हुन पुगेको पाईयो । जिल्ला अस्पतालमा नवजात शिशुका लागि दिइने न्यानो झोला वितरण कार्यक्रम बजेट अभावमा रोकिएको मेडिकल सुपरिन्टेन्डेन्ट सुभाष पाण्डेयले बताए। एच.आई.भी. संक्रमितलाई वितरण गरिंदै आएको औषधी पनि बजेट अभावमा प्रभावित बन्दै गएको ०७६ मंसीर १३ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

प्रदेश ५ कै कपिलवस्तुको मायादेवी गाउँपालिका-७ स्थित हरनामपुर प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा कर्मचारीको अभावसँगै स्वास्थ्य केन्द्र अस्तव्यस्त बन्नुको साथै दुई महिनादेखि बर्थिङ सेन्टर सञ्चालन नहुँदा सुत्केरी हुने महिलाहरू समस्यामा परेका छन् । कर्मचारीहरूको समायोजनमा सरूवा भएसँगै बर्थिङ सेन्टर, गाउँघर क्लिनिक र खोप सेवा समेत बन्द रहेको पाईएको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

प्रदेश ५ कै बढैयाताल गाउँपालिका-३ सोरहवास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा तीन महिनादेखि चिकित्सकविहीन रहेको छ । चिकित्सक नभएका कारण स्वास्थ्य केन्द्रको सेवा प्रभावित बनेको छ । कार्यरत चिकित्सक एलिसा रसाइली अध्ययन विदामा बसेपछि प्राथमिक स्वास्थ्य केन्द्र चिकित्सक विहीन भएको हो ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

कर्णाली प्रदेशस्थित मुगुको छायाँनाथरारा नपा ९ मुर्मामा रहेको प्रसुति गृहमा दक्ष चिकित्सक नहुँदा प्रसुतीका स्थानीय बिरामीहरु उपचारबाटै बन्चित हुन पुगेका छन् । प्रसुती गृह स्थापना भएको १५ बर्षसम्म पनि दक्ष चिकित्सकको अभाव कायमै छ । यस्तै सुर्खेतको मेहेलकुना अस्पतालमा पनि दक्ष जनशक्तिको अभावै देखिन्छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**नेपाल सरकारले प्रत्येक स्थानीय तहमा कम्तिमा एक बैंङ्गिग सुबिधा पुऱ्याउने भनेतापनि कतिपय स्थानीय तहमा अझै बैंक सुबिधा नहुदा सर्वसाधारणलाई बैंकिङ्ग कारोवारमा निकै असहज हुँदै आएको छ ।**

सुदुरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लाको ढकारी गाँउपालिकाका लक्षित बर्गले चार महिनादेखि बैंकको अभाबले सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् । जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, एकल महिला लगायतले दशैं अगाडिदेखि पाउनु पर्ने सामाजिक सुरक्षा भत्ता पाउन नसकेका हुन् । ढकारी गाउँपालिका बाहेक यस प्रदेशका अन्य नपा र गाँउपालिकाहरुमा समेत बैंक बिस्तार नहुँदा सामाजिक सुरक्षा भक्ता लिन सेवाग्राहीहरुले समस्या झेल्नु परेको पीडितहरु बताउँछन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- सुदुरपश्चिम प्रदेश)

**प्रदेश नं. ५ को अर्घाखाची जिल्लामा भने स्थानीय तहले न्यायिक समितिमा आउने मुद्दाहरुमा पनि सेवाग्राहीहरुसंग शुल्क लिईने गरेको यस त्रैमासिक अवधिमा सार्वजनिक जानकारीमा आयो । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ ले त्यस्तो व्यवस्था नगरेको भएता पनि जिल्लाका ६ वटा पालिकाहरुमध्ये पाणिनी गाउँपालिका, सन्धिखर्क नपा र छत्रदेव गाउँपालिकाले दर्ता शुल्क लिदै आएको पाईएको हो ।**

प्रदेश नं. ५ को अर्घाखाची जिल्लास्थित उजुरी दर्ता गर्दा न्यायिक समितिले कानून विपरित शुल्क लिँदै आएका छन् । जिल्लाका ६ वटा स्थानीय तहमध्ये पाणिनी गाउँपालिका, सन्धिखर्क नपा र छत्रदेव गाउँपालिकाले दर्ता शुल्क लिने गरेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ ले न्यायिक प्रक्रियामा कुनै पनि ठाउँमा शुल्क लिन पाउने व्यवस्था छैन । मुद्दा दर्ता गर्दा सन्धिखर्क नपा र पाणिनी गाउँपालिकाले १ सय रुपियाँ शुल्क लिने गरेका छन् भने छत्रदेव गाउँपालिकाले २ सय रुपियाँ लिने गरेको न्यायिक समितिले जनाएका छन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि प्रदेश नं. ५ मा जनसरोकारवाला निकायहरु भ्रष्टाचारबाट मुक्त हुन सकेनन् । अख्तियार दूरुपयोग अनुसन्धान आयोगको कार्यालयले यस अवधिमा पनि भ्रष्टाचार र आर्थिक अनियमितताको आरोपमा बिभिन्न निकायहरुमा कार्वाहीलाई तिव्रता दिएको छ ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले १५ हजार घूस रकम सहित रुपन्देही जिल्लास्थित इलाका प्रहरी कार्यालय मंगलापुरमा कार्यरत प्रहरी नायब निरीक्षक खिम बहादुर जिसीलाई ०७६ आश्विन १३ गते कार्यालयबाटै पक्राउ गरेको छ । बिमाको लागि सिफारिस गरिदिने भन्दै सेवाग्राहीसंग घूस लिँदै गर्दा रंगेहात पक्राउ गरी थप अनुसन्धान सुरु गरिएको आयोगको बुटवल कार्यालयका प्रवक्ता सुरेश भुसालले बताए ।

त्यसैगरि रुपन्देहीको लुम्बिनी बौद्ध विश्व विद्यालयका लेखापाल रत्नेश्वर तिवारी २५ हजार घुस सहित पक्राउ परेका छन् । विश्व विद्यालयका लागि आवश्यक सामग्री खरीदमा कमिसन लिँदै गर्दा मंसिर ८ गते दिउँसो उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले पक्राउ गरेको हो ।

रुपन्देहीस्थित जिल्ला अदालत रुपन्देहीका दुई कर्मचारी ०७६ पुस ८ गते दुई हजार रुपैयाँ घुससहित पक्राउ परेका छन् । मुद्दाको धरौटी रकम फिर्ता गराउनमा सहजीकरण गरिदिने भन्दै घुस लिँदै गर्दा अदालतका नासु

बुद्धिप्रकाश न्यौपाने र विनोद शर्मालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय बुटवलले पक्राउ गरेको हो ।

त्यसैगरि ईलाका प्रहरी कार्यालय तुलसीपुरमा कार्यरत प्रहरी नायब निरीक्षक (सई) हेमन्त केसी मंसिर २२ गते घुससहित पक्राउ परेका छन् । केसीलाई घोराही १५ स्थित जिल्ला प्रशासन कार्यालय अगाडिको वली होटलमा ७ हजार रुपयाँ घुस लिइसकेको अवस्थामा पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जले जानकारी दिएको छ ।

त्यसैगरि अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलले ०७६ पुष ६ गते सशस्त्र प्रहरीका इन्स्पेक्टर सहित २ जनालाई घुस लिएको आरोपमा पक्राउ गरेको छ । घरायसी सामग्री ओसार पसारमा सहयोग गरिदिने भन्दै विष्णुपुरा सशस्त्र प्रहरी बेस क्याम्प रुपन्देहीका इन्सपेक्टर तेज बहादुर जोरा र सहायक हवल्दार विरेन्द्र प्रसाद चौधरीलाई गैडहवा गाउँपालिका-३ सगरहवाबाट ६ हजार रुपैयाँ घूस लिएको आरोपमा पकाउ गरिएको अख्तियारको बुटवल कार्यालयले जनायो ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

**भौतिक निर्माणको काम समयमै सम्पन्न नगर्ने निर्माण व्यावसायी एवं फर्म र कम्पनीहरुलाई यस त्रैमासिक अवधिमा कार्वाही प्रकियाको समेत थालनी गरेको सार्वजनिक जानकारीमा आएको पाईयो ।**

निर्धारित समयमा योजना सम्पन्न नगरेको र काम गर्ने चासो समेत नदेखाएको भन्दै गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले तनहुको भिमाद-रिसिब सडकको ७५ लाख रुपैया पेश्की फिर्ता लिएको छ । योजना निर्माणका लागि शुरुमा भुक्तानी गरिने २० प्रतिशत रकममध्येको उक्त पेश्की रकम फिर्ता लिइएको मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्टाले जानकारी दिए । निर्माण व्यवसायी महासंघका पूर्व केन्द्रीय अध्यक्ष समेत रहेका जयराम लामिछानेले उक्त सडक २०७३ मा सक्नेगरी २०७१ मा ठेक्कामा पाएका थिए । तर, अहिलेसम्म कामै भएको छैन । योजना निर्माणको जिम्मा स्वच्छन्द मोना जेभीले लिएको ०७६ कार्तिक ३० गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

(१९ औं त्रैमासिक प्रतिवदेन - गण्डकी प्रतिवेदन)

**बिद्युत महशुलको ठूलो रकम लामो समयदेखि भुक्तानी नगर्ने निकायहरुमा काठमाडौं उपत्यकाकै स्थानीय तहहरु अग्रणी रुपमा रहेको सार्वजनिक जानकारीमा आयो । काठमाडौ र ललितपुर महानगरपालिका त्यसैगरि भक्तपुर, किर्तीपुर लगायतका नपा र अन्य पालिकाहरुले करौडौं रकम भुक्तानी नगरेको बिषय यस अवधिमा चासोको बिषय रह्यो ।**

नेपाल विद्युत् प्राधिकरण काठमाडौं क्षेत्रीय कार्यालयका अनुसार उपत्यकाका अधिकांश स्थानीय तहहरुले बिद्युत महशुल बापतको ठूलो रकम अझै पनि भुक्तानी गरेका छैनन् । काठमाडौँ र ललितपुर महानगरपालिका, भक्तपुर, मध्यपुर र कीर्तिपुर नपा लगायतले महशुल नतिरेका हुन्। प्राधिकरणका अनुसार काठमाडौँ महानगरपालिकाले मात्रै करिव १ अर्ब १८ करोड ७६ लाख रुपैयाँ महसुल तिर्न बाँकी छ। काठमाडौँ महानगरको आर्थिक वर्ष ०७४/७५ सम्म ८० करोड ७५ रुपैयाँ महसुल थियो। ०७५/७६ मा भने ३८ करोड १ लाख रुपैयाँ महसुल थपिएको प्राधिकरणले जनाएको हो । ललितपुर महानगरले असारसम्म अवधिको १७ करोड ८ लाख रुपैयाँ महसुल तिर्न बाँकी रहेको क्षेत्रीय कार्यालयले जनाएको छ। त्यसैगरि भक्तपुर नपाले यस त्रैमासिक अवधिसम्ममा बाँकी बक्यौता अन्तर्गत २ करोड रुपैयाँ सडकबत्ती प्रयोगबापतको तिर्न बाँकी रहेको ०७६ मंसीर २ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**बिगतमा झै यस अवधिमा पनि हत्या, अपहरण र लुटपाट जस्ता अपराधिक भय र त्रासबाट स्थानीय व्यक्तिहरु मुक्त हुन सकेनन् । यस्ता किसिमका घटनाहरुले एकातिर भय र त्रासमा बृद्धि हुनुका साथै अर्कोतिर सुरक्षा चूनौती समेत बढेर गएको पाईयो ।**

प्रदेश नं. २ को धनुषास्थित क्षीरेश्वरनाथ नपामा ०७६ मंसिर २७ गते राति बम विस्फोट हुँदा एक प्रहरी ईन्सपेक्टर अमिर कुमार दाहालसहित ३ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त घटना भएको दुईदिनपछि जनकपुरधामको विभिन्न स्थानमा बम तथा बिष्फोटक पदार्थहरु भेटिएको पाईयो । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-९ मा मंसिर २९ गते राति शंकास्पद बस्तु फेला परेको र मंसिर ३० गते बिहान सेनाको टोलीले उक्त बम निष्कृय पारेको जिल्ला प्रहरी प्रहरी कार्यालय धनुषाले जनायो । यसले गर्दा धनुषाको जनजीवननै त्रसित हुन पुगेको स्थानीयले जनाए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

त्यसैगरि सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकामा अज्ञात पक्षले ०७६ मंसीर २७ गते राती गराएको बम बिष्फोटबाट कार्यालय भवनको माथिल्लो तलाको झ्याल, ढोका र छतमाथिको जस्तापाताहरूमा क्षति पुगेको छ । इलाका प्रहरी कार्यालय महेशपुर पतारीका इन्स्पेक्टर अरबिन्द साहले राति कुकर बम विष्फोट भई सामान्य रुपमा  भौतिक क्षति हुन गएको बताए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

रौतहट जिल्लाको राजपुर नपा-७ स्थित चौधरी इटाभट्टामा चन्दाको माँग गर्दै आएको अपरिचित समूहले ०७६ मंसिर २१ गते इटा भट्टामा बम राखेका कारण जनजीवन त्रसित भएको छ । त्यहाँ कार्यरत मजदूरले झोलाभित्र बम देखेपछि प्रहरीलाई खबर गरेकोमा पछि सेनाको बम डिस्पोजल टोलीले बम डिस्पोज गरेको हो । इलाका प्रहरी कार्यालय राजपुरले दुई महिनाअघि इटा भट्टाका मालिक विनोद प्रसाद जयसवालसँग भूमिगत समूहको नामबाट चन्दा मागेको र सोही कारण बम राखिएको हुनसक्ने पीडित पक्षको भनाई थियो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

बाराको प्रसौनीस्थित निर्धन उत्थान बैंकका जीवन खड्कालाई फेटा गाउँपालिका-२ जगतपुर टोलमा ०७६ कार्तिक २६ गते रकम संकलन गर्न गएका बेला अपरिचित समूहले गोली फायर गरि रकम लुटेर फरार भए । भारतीय नम्बरको मोटरसाइकलमा आएका दुई जनाले गोली फायर गर्दै खड्काको साथमा रहेको ६ लाख रुपैयाँ लुटेर फरार भएको पीडित खडकाले बताए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

---

## २ - सामाजिक एकता/ तनाव

**बिगतमा झैं यस अवधिमा पनि सातवटै प्रदेशहरुमा लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भएको पाईयो । यस अवधिमा बिशेषतः बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, बोक्सीको आरोपमा दुर्व्यवहार, मानव वेचविखन तथा ओसार पसार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा भए । यी र यस्ता घटनाहरुमा महिलाहरु बढी पीडित भएको पाईयो । बलात्कारका घटनामा नाबालिग उमेर समूहका नै बढी पीडित भएको देखियो, जसमा बाबुद्वारा छोरी बलात्कारका घटना समेत सार्वजनिक जानकारीमा आए ।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको कारणले गोप्य राखिएको छ ।)*

### बलात्कार/ बलात्कारको प्रयास

**प्रदेश २ अन्तर्गत** स्थानीय एक महिलालाई बलात्कार गरेको आरोपमा सप्तरीबाट एक वडाध्यक्ष सहित २ जनालाई प्रहरीले ०७६ मंसीर २५ गते पकाउ गऱ्यो । पकाउ पर्नेमा शम्भुनाथ नपा-१२ का वडाध्यक्ष लक्ष्मी साह छन् । ३४ वर्षीया महिलाको उजुरीपछि वडाध्यक्षसहित अरु एक जनालाई पकाउ गरि कार्वाही गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो ।

४२ वर्षीया महिलालाई बलात्कारको प्रयास गरेको आरोपमा सिरहाको गोलबजार नपा-१ का ६३ वर्षीय दिनेश यादवविरूद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय गोलबजारमा ०७६ मंसिर १७ गते उजुरी दिए । सुस्त मन:स्थिति भएकी पीडित महिलालाई आरोपितले मङ्सिर १३ गते बलात्कार प्रयास गरेको जनाउँदै पीडित पक्षले कार्वाहीको माँग गरि उजुरी दिएका हुन् ।

१३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा कल्याणपुर नपा-३ का २५ वर्षीय धर्मेन्द्रकुमार मण्डलविरूद्ध इलाका प्रहरी कार्यालय मिर्चैयामा पीडित परिवारले ०७६ मंसिर ९ गते उजुरी दिए । पीडित बालिकालाई आरोपितले मंसिर ८ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले प्रहरीमा उजुरी दिएका हुन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा मसिर ९ गते भएको थियो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

प्रदेश नं. ५ अन्तर्गत नौ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ३२ वर्षीय बुबालाई मसिर १७ गते पकाउ गरेको प्रहरीले जनाएको छ । पीडित बालिकालाई आरोपितले मसिर १६ गते बलात्कार गरेको भन्दै

पीडित पक्षले मसिर १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका डिएसपी वीरेन्द्र थापाले जानकारी दिए ।

त्यसैगरि १९ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले सिद्धार्थनगर नपा-६ गल्लामण्डीका २२ वर्षीय राहुल बानियालाई असोज २९ गते गल्लामण्डीबाटै पक्राउ गरेको छ । आरोपितले पीडित युवतीलाई विवाहको प्रलोभन देखाएर पटकपटक बलात्कार गरेको बताउँदै पीडितले पीडितले असोज २९ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दिएकी थिइन् ।

त्यसैगरि १७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले बाँसगढी नपा-४ पुरुवाका २३ वर्षीय शङ्कर थारूलाई ०७६ कात्तिक ६ गते पक्राउ गरेको छ । पीडित बालिकालाई आरोपितले कात्तिक ६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय मोतीपुर बर्दियामा उजुरी दिएका थिए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

कर्णाली प्रदेशमा यस त्रैमासिक अवधिमा १३ बर्षीय बालिकालाई बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय सुर्खेतले सातजनालाई पक्राउ गरेको ०७६ मंसीर २ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ । जुन प्रदेशकै उल्लेख्य घटनाको रुपमा हेरिएको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

७० बर्षीया महिलालाई कार्तिक १३ गते बिहान बलात्कार गरेको आरोपमा प्रहरीले अछाम जिल्लाको कमलबजार नपा-७ सेरा निवासी २२ वर्षीय नरेन्द्र दमाईलाई कार्तिक १५ पक्राउ गरेको छ । पीडितपक्षले जिल्लाप्रहरी कार्यालय अछाममा कार्तिक १५ गते दिईएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले पक्राउ गरेको हो ।

१८ बर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा कन्चनपुरको महाकाली नपा-८ का २१ वर्षीय दिनेश रोकायालाई २०७६ माघ ६ गते प्रहरीले पक्राउ गरेको छ । आरोपितले माघ ४ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले इलाका प्रहरी कार्यालय दोधारामा उजुरी दिएका थिए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- सुदुर पश्चिम प्रदेश)

**दहेजको निहुमा हत्या**

प्रदेश २ स्थित मिथिला बिहारी नपा-४, मिथिलेश्वरमा दाइजो स्वरुप दिएको मोटरसाइकल नामसारी नगरिदिएको भन्दै परिवारजनद्वारा एक महिलाको हत्या गरेको सार्वजनिक जानकारीमा आयो । प्रहरीका अनुसार २२ बर्षीया कुसुम मण्डलको उनका पतिले हत्या गरेका हुन् । कुसुमका बुवा जिवछ मण्डलका अनुसार कुसुमको करिब डेढ बर्षअघि प्रकाशसँग विवाह भएको र मोटरसाइकल नामसारीको बिषयलाई लिएर प्रकाशले पटकपटक श्रीमतीलाई कुटपिट गर्ने गरेका थिए । घटना पश्चात कुसुमका पतिलाई नियन्त्रणमा लिई कार्वाही प्रक्रिया अघि बढाईएको प्रहरीले जनायो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश २)

**बोक्सीको आरोपमा दुर्व्यवहार**

दोलखाको उत्तरी क्षेत्रमा पर्ने विगु गाउँपालिका-५ स्थित चिलंखाका एक दम्पतीमाथि स्थानीय गाउँलेले बोक्सीको आरोप लगाउँदै ०७६ मंसिर १ गते गाउँ निकाला गर्ने निर्णय गरेका छन् । पीडितहरुमाथि बोक्सीमन्त्रले गाउँका बस्तुभाउ बिरामी भएको जनाउँदै टोल सुधार समितिमा आवद्ध व्यक्तिहरुले गाउँ निकाला गर्ने निर्णय गरेको पाईयो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश ३)

**मानव वेचविखन तथा ओसार पसार**

१४ वर्षीया बालिकालाई बेचबिखन प्रयास गरेको आरोपमा प्रहरीले रामग्राम नपा-४ बैरिहवा घर भई सुनवल नपा-१० बस्ने ३५ वर्षीया सरिता यादवलाई असोज २८ गते पक्राउ गरेको प्रहरीले जनाएको छ । पीडित बालिकालाई असोज २६ गते आरोपितले विभिन्न प्रलोभन देखाएर भारततर्फ लैजाँदै गर्दा स्थानीयको सहयोगमा जिल्ला प्रहरी कार्यालय नवलपरासीले पक्राउ गरेको हो ।

नवलपरासीबाट तीनजना महिलालाई बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको आरोपमा प्रहरीले प्रतापुर गाउँपालिका-९ का ६४ वर्षीय रजाक मियाँलाई कात्तिक २० गते पकाउ गरेको पाईयो । पीडित महिलाहरूलाई आरोपितले भारततर्फ लैजाँदै गर्दा प्रतापुर गाँउपालिका-५ स्थित सिमामा रहेको बसैया प्रहरी चौकीले पकाउ गरेको हो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश ५)

**बाल विवाह तथा बहु विवाह**

**कर्णाली प्रदेशमा** बालविवाह तथा बहुविवाह एक प्रमुख र बिकराल समस्याका रुपमा देखा परेको छ। यस्तो विवाह गैरकानुनी भएतापनि व्यवहारमा बालविवाह प्रचलनमा छ । कर्णाली प्रदेशमा मात्रै ५२ प्रतिशत बालविवाह रहेको ०७६ मंसीर १ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ।

(१९ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**घरेलु हिंसा**

**कर्णाली प्रदेश**मा घरेलु हिंसा बढ्दो छ। प्रदेश प्रहरी कार्यालयका अनुसार आर्थिक बर्ष २०७३/७४ मा ७९६, ०७४/७५ मा ८५५ र ०७५/७६ मा ८५८ मुद्दा दर्ता भएको ०७६ मंसीर १३ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ । यस अवधीमा पुरुष हिंसासमेत बढेको पाईएको छ। सुर्खेत जिल्ला अदालतमा दर्ता भएका २८ मध्ये ७ वटा पुरुष हिंसाका घटना रहेको मंसिर १५ गतेको साझा बिसौनी दैनिकमा उल्लेख छ।

(१९ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

---

## ३ - राजनीतिक तनाव/ परिचालन

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि सुरक्षाकर्मीद्वारा नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुलाई पकाउ गर्ने कार्यलाई तिव्रता दिएको पाईयो । यस क्रममा सो संगठनका केन्द्रीय सदस्य लगायत जिल्लास्तरका धेरै नेता कार्यकर्ताहरु पकाउ गरिएको सुरक्षा निकायले जनायो । त्यसैगरि उक्त संगठनका कार्यकर्ताहरुले पनि सातवटै प्रदेशमा हिंसात्मक गतिविधिका साथै भौतिक संरचनामा समेत क्षति पुर्‍याई संगठनात्मक उपस्थिती जनाउन खोजेको पाईयो ।**

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका मोरङ जिल्ला सदस्य तथा सोही पार्टी निकट युवा संघ मोरङका अध्यक्ष सुन्दरहरैचा नपा-२ का ३२ वर्षीय विपिन भनिने रामु मग्रातीलाई ०७६ भदौ १८ गते सोहि ठाँउबाट पकाउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनायो।

त्यस्तै, मोरंगकै बुढीगङ्गा गाउँपालिका-३ का ३३ वर्षीय कुमार खतिवडालाई प्रहरीले सोही ठाउँबाट असोज १६ गते पकाउ गरेको छ । मोरङ जिल्ला सचिवको रुपमा रहेका खतिवडालाई बम विस्फोट लगायतका गतिविधिमा संलग्न भएको भन्दै अनुसन्धान थालिएको प्रहरीले जनायो।

त्यसैगरि पूर्व केन्द्रीय सदस्य तथा सगरमाथा व्यूरो इन्चार्ज भोजपुर जिल्लाको षडानन्द गाउँपालिका-१३ बोयाका ४३ वर्षीय दिपेश राई भनिने देवान चाम्लिङ्ग र जिल्ला कमिटी सचिवालय सदस्य उदयपुर कटारी नपा-४ का ३२ वर्षीय सुरेन्द्र थापालाई ०७६ पुस १ गते पकाउ गरिएको प्रहरीले जनायो।

त्यसैगरि संखुवासभाको चैनपुर नपा-५ बस्ने ३० वर्षीय यामप्रसाद गौतमलाई पाँचखपन नपा-८ जलजलाबाट विष्फोटक पदार्थसहित प्रहरीले पकाउ गरेको जनाएको छ । त्यस्तै महाकुलुङ्ग गाउँपालिका-१ का ३७ वर्षीय डिमा शेर्पालाई प्रहरीले कात्तिक १५ गते पकाउ गरेको छ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. १)

विप्लव नेतृत्वको जनकपुर इन्चार्ज रोहित ढकाललाई धनुषा प्रहरीले ०७६ पुस ३ गते साँझ पकाउ गरेको छ । जनकपुर इन्चार्जका रुपमा रहेका सिन्धुली जिल्ला निवासी ढकाललाई महेन्द्रनगर बमकाण्डमा समेत संलग्न भएको प्रहरीको आरोप छ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

विप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका केन्द्रीय सदस्य गुणराज लोहनीलाई चितवनको भरतपुर महानगरपालिका ११ बाट ०७६ कार्तिक ५ गते प्रहरीले पकाउ गरेको छ । यद्यपी लोहनीको स्वास्थ्य अवस्थाको कारण जनाउँदै दुई महिनाअघिनै पार्टी जिम्मेवारीमा नरहेको सो संगठनले जनाएको छ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

रूपन्देहीको सेहरी गाउँपालिका-४ का ६३ वर्षीय विष्णुप्रसाद तिवारीलाई प्रहरीले विप्लव नेतृत्वको नेकपाको कार्यकर्ता भएको आरोपमा ०७६ असोज २३ गते पक्राउ गरेको छ । तिवारीलाई अराजक गतिविधि गर्न सक्ने आशङ्कामा रामग्राम नपा-५ परासीबाट पकाउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

प्रदेश नं. ५ को दाङ जिल्लास्थित राजपुर गाउँपालिका-४ मा विप्लव नेतृत्वको नेकपाको राप्ती ब्युरो स्तरीय बैठक बसिरहेको बेला ०७६ असोज ३० गते सो सगठनका केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमाण्ड इन्चार्ज ५२ वर्षीय चन्द्र बहादुर चन्दसहित २१ जनालाई प्रहरीले पक्राउ गरयो ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

विप्लव नेतृत्वकै नेपाल कम्युनिष्ट पार्टी निकट अखिल क्रान्तिकारी दाङका जिल्ला अध्यक्ष २६ वर्षीय अनिल केसीलाई प्रहरीले ०७६ मङ्सिर १२ गते पक्राउ गरेको छ । रोल्पा जिल्ला परिवर्तन गाउँपालिका-२ स्थायी घर भई महेन्द्र बहुमूखी क्याम्पस भरतपुरमा अध्ययनरत केसीलाई क्याम्पस तथा प्लस टु का विद्यार्थीहरूले गरेको प्रदर्शनका क्रममा सोही ठाउँबाट प्रहरीले पक्राउ गरेको हो । मङ्सिर १२ गते लिपुलेक लगायत सिमा अतिक्रमणका विरूद्ध विद्यार्थीहरूले घोराहीमा प्रदर्शन गरेका थिए । त्यसैगरि जाजरकोटका इन्चार्ज जाजरकोट जिल्ला नलगाड नपा-५ का ४२ वर्षीय प्रेमप्रकाश वलीलाई ०७६ कात्तिक २८ गते कोहलपुरबाट पक्राउ गरेको प्रहरीले जनायो ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

कर्णाली प्रदेशमा विप्लवले नेतृत्व गरेको नेकपा माओवादी संगठनको गतिविधिका कारण प्रदेशको सुरक्षा संवेदनशीलता बढेको छ । यस समीक्षा अवधिमा मुगुको सोरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत परशुराम उपाध्यायलाई उक्त संगठनका कार्यकर्ताहरुले कुटपिट गरेका छन् (अक्टोवर १ को साझा बिसौनी दैनिक) । उक्त पार्टीका कार्यकर्ताद्वारा अपहरणमा परेका दैलेखको ठाँटीकाँध गाउँपालिकाका अध्यक्ष धीरबहादुर शाहीलाई प्रहरीले अपहरणमुक्त गराउन सफल भएको ०७६ पुष ७ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

कैलाली जिल्लाको घोडाघोडी नपा १ सुखडमा राष्ट्रिय माध्यामिक विद्यालयका प्रधानाध्यापक राम छबिला चौधरीलाई आर्थिक अनियमितिता गरेको आरोपमा विप्लब नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुले २०७६ मंसिर २९ गते मोसो दले । विद्यालयको पर्खाल निमार्णको कार्यमा अनियमितता गरेको आरोपमा मोसो दलेको सो संगठनले जनायो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- सुदुर पश्चिम प्रदेश)

**बेला बेलामा राजनीतिक दलहरुवीच विवाद र झडपका घटनाहरु सार्वजनिक भईरहने गरेको छ । यसैसन्दर्भमा प्रदेश नं. २ को क्षीरेश्वरनाथ नपामा राजनीतिक दलका कार्यकर्ताहरुवीच भएको झडपमा सातजनाभन्दा बढी घाईते भएको पाईयो । दशै र तिहारको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रमको दौरान उक्त घटना भएको थियो ।**

क्षिरेश्वरनाथ नपा-१० स्थित रमदैयामा नेपाली कांग्रेस र संघीय समाजवादी पार्टीका कार्यकर्ताहरूबीच कात्तिक १३ गते राती झडप हुँदा सात जना घाइते भएका छन् । बिजया दशमी, तिहार र छठको अवसरमा नेपाली कांग्रेस क्षेत्रीय कार्य समिति क्षेत्र नं. ४ द्वारा आयोजित शुभकामना आदानप्रदान तथा चियापान समारोह सकेपछि सामान ओसार्ने क्रममा विवाद हुँदा झडप भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगर (हाल क्षीरेश्वरनाथ नपा) ले जनायो ।

(१९ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

**प्रदेश नं. ३ को मकवानमा पर्ने दुई गाउँपालिकावीच नदीजन्य उत्खननको बिषयमा चुलिएको विवादले दुवै पालिका प्रतिनिधिहरुवीचको तिक्तता बढदो रुपमा देखिन थालेको छ । खासगरी सीमा क्षेत्र छुट्टिने नदीहरु स्थानीय तहको आम्दानीको श्रोत समेत मानिने भएको हुँदा विवाद उत्कर्षमा पुगेको पाईएको हो ।**

प्रदेश नं. ३ स्थित मकवानपुरको पश्चिमी क्षेत्रमा पर्ने दुई गाउँपालिका मनहरी र राक्सिराङबीच नदीजन्य उत्खननका बिषयलाई लिएर सीमा विवाद चुलिएको छ। मनहरी-८ र राक्सिराङ-५ मा पर्ने मनहरी खोलामा सीमा विवाद भएको हो। विवाद सामधान गर्न समिति गठन समेत भई प्रतिवेदन तयार गरिए पनि यस त्रैमासिक अवधिसम्म समस्याको समाधान हुन सकेको छैन ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**प्रदेश ३ को नारायणी नदीमा जनताको तटबन्ध योजना संचालन भएको एक दशक बित्दा समेत योजना सम्पन्न हुन नसक्दा स्थानीय कृषक र समुदाय यसबाट प्रभावित हुँदै आएका छन् ।**

नारायणी नदीमा आर्थिक वर्ष ०६६/६७ मा 'जनताको तटबन्धन' योजना ल्याईएको भएता पनि योजना अनुसारको काम अझै सम्पन्न हुन सकेको छैन । बस्ती र खेतीयोग्य जमिन जोगाउन तटबन्धन गर्ने योजना सुरु भएको दशक बित्दा पनि काम तटबन्धन निर्माणको काम आधा पनि पूरा हुन सकेको छैन । नारायणी नदीमा चितवनतर्फ नारायणगढको नारायणी पुलदेखि गोलाघाटसम्मको ३५ किलोमिटरमा तटबन्धन गर्नुपर्ने भए पनि अहिलेसम्म १४ किलोमिटर काम भएको छ । नवलपरासीतर्फ नारायणीमा ६३ किलोमिटर तटबन्धन गर्नुपर्ने भए पनि अहिलेसम्म १० किलोमिटर मात्र काम भएको पाईएको छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**यस अघिका त्रैमासिक प्रतिवेदनहरुमा नदीजन्य पदार्थ निकासीका लागि अवैध क्रसर संचालन हुने गरेको उल्लेख भएकोमा यस त्रैमासिक अवधिमा भने कतिपय स्थानहरुमा मापदण्ड विपरीत संचालनमा रहेका अवैध क्रसरहरु बन्द समेत गरेको र बन्दको लागि निर्देशन दिईएको पाईयो ।**

प्रदेश २ स्थित धनुषामा मापदण्ड विपरीत सञ्चालन रहेको तीन क्रसर उद्योग बन्द गरिएको छ । जिल्ला समन्वय समिति धनुषाले अनुगमन गर्दै मापदण्ड विपरीत रहेको मिथिला नपाका तीन क्क्रसर उद्योग बन्द गरेको हो । महोत्तरी धनुषाको सिमामा पर्ने रातु खोलामा मापदण्ड विपरीत सञ्चालित रहेको सुमित क्रसर उद्योग, धनेश्वर वालुवा एण्ड क्रसर उद्योग र सिदार्थ क्रसर उोग बन्द गरिएको धनुषाका उपसभापती दिपक झाले बताए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

प्रदेश नं. ३ को मकवानपुर मकवानपुरमा सञ्चालित अवैध क्रसर र बालुवा प्रशोधन उद्योग बन्द गर्न जिल्लास्थित जिल्ला समन्वय समितिले ०७६ माघ २४ गते निर्देशन दिएको छ । नदीजन्य पर्दाथको अवैध उत्खनन् प्रशोधन गर्ने क्रसर र बालुवा प्रशोधन उद्योग शुक्रबारदेखि लागू हुनेगरी बन्द गर्न समितिले निर्देशन दिएको हो । नदी, खोला अनुगमन गर्दा अवैध उत्खनन् र प्रशोधन गरिएको पाइएपछि पूर्ण रूपमा बन्द गर्न निर्देशन दिइएको जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलालले बताए । अवैध रूपमा सञ्चालित जिल्लाका ३२ वटा क्रसर र एक सयभन्दा बढी बालुवा प्लान्टले निर्देशन पालना नगरे कडा कारबाही गरिने समितिका प्रमुख खुलालले चेतावनी दिए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

## ५ - सङ्क्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

**नेपालमा शसस्त्र द्वन्द्वको १३ वर्ष बितिसक्दा समेत बेपत्ता पारिएका परिवार र द्वन्द्व पीडित परिवारले अझै राहत, न्याय र पुर्नस्थापनामा सरकारबाट सहयोग नभएको जनाउँदै यस त्रैमासिक अवधिमा पनि द्वन्द्वकालका उजुरीहरुमाथि छानवीन गर्न माँग गरेका छन् । द्वन्द्वका समयमा द्वन्द्वकै कारणले घाईते भएका कतिपय पीडितहरु अझै पनि उपचारबाट बंचित अवस्थामा रहेको समेत रहेको पाईयो ।**

सशस्त्र द्वन्द्वका समयमा ज्यान गुमाएका र बेपत्ता पारिएका व्यक्तिका परिवारलाई एक वर्षभित्र न्याय दिन सरकारले गरेको प्रतिबद्धता १३ वर्ष बित्दा समेत पुरा नगरेको राज्यले द्वन्द्व पीडितलाई बेवास्ता गरेर शान्तिप्रक्रिया पुरा नहुने द्वन्द्व प्रभावित व्यक्तिका परिवारहरुले जनाएका छन् । शान्ति प्रक्रिया पुरा हुन

पीडितले न्यायको अनुभूति गर्न पाउनुपर्ने र त्यसका लागि उजुरीहरूमाथि छानबिन हुनुपर्ने माँग उठाउँदै आएता पनि यस त्रैमासिक अवधिसम्म पनि सम्बोधन हुन सकेको छैन । मानवअधिकारको क्षेत्रमा कार्यरत संस्था इन्सेकको अभिलेखमा द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षबाट ओखलढुङ्गामा १३ जनालाई बेपत्ता पारेको र १ सय ८८ जनाको हत्या गरेको उल्लेख छ । विस्थापित, सम्पति क्षति, अङ्गभङ्ग भएको भन्दै स्थानीय शान्ति समितिमा ७ हजार ५ सय जनाले उजुरी दिएका छन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

प्रदेश नं. ५ को रोल्पा जिल्लामा सशस्त्र द्वन्द्वका पीडितहरुले अझै पनि न्याय र राहतको अनुभूति गर्न पाएका छैनन् । सशस्त्र द्वन्द्व सुरु भएको तत्कालीन माओवादी द्वन्द्वको सबैभन्दा बढी मार रोल्पाले भोगेको थियो। यहाँका सशस्त्र द्वन्द्वपीडितहरुलाई सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगले न्याय दिन नसक्दा र नजिकका स्थानीय तहबाट सहयोग नहुँदा अलपत्र परेका हुन्। सरकारले द्वन्द्वकालीन अवस्थाका मृतक र बेपत्ता व्यक्तिका परिवारलाई राहत रकम उपलब्ध गराए पनि न्याय र पुर्नस्थापनामा अझै ध्यान नदिएको पीडितहरुको आरोप छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.५)

सशस्त्र द्वन्द्वको समयमा बम विष्फोटमा परेका भूमे गाउँपालिका-२ काँक्रीका ४४ वर्षीय सिङबहादुर दमाई आर्थिक अभावका कारण उपचारबाट अझै वञ्चित छन् । २०६३ माघ महिनामा उनका ठूलो बुवाका छोरा रुपचन्द्र दमाईको घरमा बम विष्फोट हुँदा कौशीमा लुगा सिलाईरहेका दमाई भूँईमा बेहोस भएका थिए । उक्त घटनापछि मानसिक सन्तुलन गुमाएका दमाई अझै पनि सामान्य अवस्थामा आउन सकेका छैनन् । आर्थिक अभावका कारण राम्रो उपचार हुन नसकेपछि मानसिक अवस्था झन जटिल हुँदै गएकोले सात वर्षदेखि हातमा साङ्लोले बाँधेर राखिएको स्थानीय बताउँछन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.५)

---

## ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**बिगतमा झै भूकम्प प्रभावितहरुले यस त्रैमासिक अवधिमा पनि आवास निर्माणका लागि सरकारबाट पाउने राहतमा समस्या देखिएको पाईयो । कतिपय पालिकाका पीडितहरुले पहिलो किस्ताकै रकम पाउन सकेनन् भने कतिपयले पहिलो किस्ताको रकम पाएतापनि दोश्रो र तेश्रो किस्ताको रकम नपाउँदा निर्माणमा समस्या भएको बताउँदै आएका छन् । केही ठाउँमा बिद्यालयको पुनर्निर्माणमा भएको ढिलाईले विद्यार्थीहरुको पठन पाठनमा समेत समस्या हुँदै आएको छ ।**

प्रदेश नं. १ को भोजपुरमा ०७२ सालको भूकम्पमा ५ हजार ७ सय ४९ घर पूर्ण रूपमा क्षति भएकोमा ५ सय ५८ जना भूकम्प पीडितले पहिलो किस्ता बापतको रकम नपाउँदा बसोवासमा समस्या भएको बताएका छन् । षडानन्द नपा-२ की ३५ वर्षीया राममाया राईका अनुसार उनले पहिलो किस्ता बापतकै रकम अझसम्म पाउन सकेकी छैनन् । ०७६ माघ मसान्तसम्म घर बनाई सक्नुपर्ने भएपनि कात्तिक मसान्तसम्म पहिलो किस्ता बापतको रकम नपाँउदा समस्या भएको राईको गुनासो छ । भोजपुरका कूल भूकम्प पीडितहरूमध्ये पहिलो किस्ता ५ हजार १ सय ९१ जनाले, दोस्रो किस्ता ३ हजार ८ सय ६७ जनाले र तेस्रो किस्ता ३ हजार ३ सय २४ जनाले पाएको पुनः निर्माण प्राधिकरण कार्यालय भोजपुरले जनाएको ०७६ कार्तिक २९ गते प्रकाशित इन्सेक अनलाईनमा उल्लेख छ ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.१)

प्रदेश नं. ३ को मकवानपुरमा महाभूकम्पको ५७ महिनामा १७ हजार ८ सय (४७ प्रतिशत) लाभग्राहीले घर निर्माण गरेका छन्। करिब ५ हजार लाभग्राही अहिलेसम्म अनुदान सम्झौता गर्नै आएका छैनन्। जिल्ला आयोजना कार्यान्वयन हेटौंडाका प्रमुख विमलकिशोरी के.सी.का अनुसार मकवानपुरमा कुल लाभग्राही संख्या ३४ हजार ६ सय १२ मध्ये २९ हजार ९ सय १९ जना (८७ प्रतिशत) लाभग्राहीले अनुदान सम्झौता गरेका छन्। ४ हजार ६ सय ९३ लाभग्राहीसँग अहिलेसम्म सम्झौता हुन सकेको छैन। अनुदान सम्झौता भएका मध्ये ८७ प्रतिशत लाभग्राहीले प्रथम किस्ताको रकम बुझेर लगिसकेका छन् ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं ३)

गुलरिया नपा-१ कमलपुरस्थित त्रिशक्ति आधारभुत विद्यालयका विद्यार्थी भूकम्पले चर्किएको भवनमा बसेर पठनपाठन गर्न बाध्य छन् । भूकम्पले चर्काएको चारवर्ष पुगिसक्दा पनि पुनःनिर्माण हुन नसक्दा चर्किएकै भवनको कोठामा विद्यार्थी राखेर पठनपाठन गराउन बाध्य भएको प्रधानाध्यापक मणिराम धमलाले बताए । विद्यालयमा ३ सय विद्यार्थी अध्ययनरत रहेका र भवनमा कोठा नपुगेपछि बाध्य भएर क्षति पुऱ्याएको भवनको दुई ओटा कोठामा जोखिममै विद्यार्थी राखेर पठनपाठन गर्न परिरहेको प्रधानाध्यापक मणिराम धमलाले बताए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.५)

प्रदेश नं. ५ अन्तर्गत पुनःनिर्माणको काममा ढिलाइ भएपछि गुल्मीको सत्यवती गाउँपालिका-३ ठुलोलुम्पेकका विद्यार्थीहरू भत्किएकै विद्यालयमा अध्ययन गर्न थालेका छन् । गत साउन ६ गते अविरल वर्षासँगै आएको पहिरोले लुम्पेकको सिद्ध आधारभुत प्राविको चार कोठे भवनलाई बगाएको थियो भने अर्को चार कोठे भवनको माथिल्लो तल्ला पुरिएको थियो । पुनःस्थापनाको काममा ढिलाइ भएकाले विद्यार्थीहरूलाई भत्किएकै विद्यालयमा पठनपाठन गराउन बाध्य भएको विद्यालयकी प्रधानाध्यापक ज्ञानमाया तरामुले बताउनुभयो ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.५)

**प्रधानमन्त्री केपि शर्मा ओलीले आफ्नो महत्वपूर्ण योजनाहरुमध्ये तुईन हटाउने कार्यलाई प्राथमिकतामा राखेपनि प्रदेश नं. ३ मा अझै पूर्ण रुपले हटिसकेको छैन । झोलुङ्गे पुलको निर्माणमा भएको ढिलाईका कारण तुईन विस्थापित नहुँदा दुर्गम भेगका बासिन्दाले अझै पनि सास्ती व्यहोर्न बाध्य छन् ।**

प्रधानमन्त्री केपी शर्मा ओलीको तुइन विस्थापन गर्ने योजना चालू आर्थिक वर्षमा पनि सम्पन्न नहुने देखिएको छ । हाल विस्थापन हुन बाँकी १८ तुइनमा झोलुंगे पुल निर्माण यही आर्थिक वर्षमा पूरा नहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विभागले बताएको छ । प्रधानमन्त्री ओलीले २०७२ असोज २५ गते पहिलोपटक प्रधानमन्त्री हुँदा दुई वर्षभित्र मुलुकभर रहेका तुइन विस्थापन गर्ने अभियान घोषणा गरेका थिए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.३)

**पाँच वर्ष अघि सरकारले बाढीबाट पीडितलाई पनि भुकम्प पीडितले सरह राहत सहयोग उपलब्ध गराउने घोषणा गरेकोमा प्रदेश नं. ५ स्थित गुलरिया नपाका पीडितहरुले सो रकम यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि पाउन सकेनन् । रकमको अभावमा पीडितहरु अझै पनि पालमुनी नै बस्न बाध्य भएको पाईएको छ ।**

प्रदेश नं. ५ स्थित गुलरिया नपा-४ का बाढी पीडितले पाँच वर्ष पुगिसक्दा पनि सरकारले दिने भनेको रकम पाउन सकेका छैनन् । सरकारले बाढीबाट घर क्षति भएर पूर्ण क्षतिमा परेकालाई भूकम्प पीडित सरह प्रति परिवार ३ लाख रुपियाँ दिने निर्णय गरेको थियो । उनीहरूले पहिलो किस्तामा ५० हजार रुपियाँ बाहेक थप रकम पाउन नसक्दा समस्यामा परेको बताएका छन् । बबई नदीमा २०७१ साउन अन्तिममा आएको बाढीको कारण घर बगाएपछि उनीहरू विस्थापित भएर गुलरिया नपा-४ कै तुलसीपुरस्थित चौरमा पाल टाँगेर बस्दै आएका थिए ।

(१९ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं.५)

---

## ७ - प्रवृत्ति

- नेपाल संघीय संरचनामा गईसकेपछि स्थानीय तहमै अधिकार र सरकारको उपस्थिती भईसके पछि पनि पटक पटकको ध्यानाकर्षण पश्चात पनि जनताले आधारभूत सेवा सुविधा प्राप्त गर्न संघर्ष गर्नुले सरकारको कार्यसंचालन विधी माथि नै गम्भीर प्रश्न उठन थालेको छ । तीनै तहको सरकारले संविधान प्रदत्त अधिकारको प्रयोग गर्न नसकेको र जनताले अझै पनि सहज सेवा सुविधा नपाए विद्यमान शासकिय व्यवस्था प्रति नै प्रश्न उठने प्रबल सम्भावना रहेको देखिन्छ ।
- तीन तहको सरकार, जनप्रतिनिधीहरु र कर्मचारीहरु बीचको तालमेल अभाव र नीतिगत भन्दा पनि व्यतिगत पहुचको आधारमा कर्मचारी पदपुर्ति जस्ता समस्याका कारणले गर्दा प्रभावकारी सेवा प्रवाहमा कमी भएको कारणले गर्दा भविष्यमा जनप्रतिनिधी र कर्मचारीले जनताको विश्वास गुमाउदै जानु र विरोधको सामना गर्नुपर्ने अवस्था नआउला भनेर भन्न सकिन्न ।

- स्वास्थ्य सेवा जस्तो अति संवेदनशील क्षेत्रमा दक्ष चिकित्सक, औषधी र भौतिक पूर्वाधारको अभावको कारणले जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने भएको कारणले गर्दा यसमा तीनै तहको सरकारले विशेष ध्यान दिन अपरिहार्य छ ।
- सुशासनका विभिन्न सूचकांकहरुलाई सुनिश्चित गर्नु पर्ने स्थानमा यसलाई वेवास्ता गर्दै तीनै तहको सरकारका प्रतिनिधीहरु आफै भ्रष्टाचारमा संलग्न भएको आरोप लाग्नु र बाहिर आएका घटनालाई राजनीतिक समझदारीमा ढाकछोप गरि मिलाउनुले जनतामा नैराश्यता र करको आर्थिक भारले गर्दा शासकीय संरचना र राजनीतिक प्रकृया प्रति नै विमती बढाउदै नलग्ला भनेर भन्न सकिन्न ।
- सरकारले नीतिगत व्यवस्था अन्तरगत विस्तार गर्नुपर्ने सेवा सुविधाहरु समेत सुनिश्चितता गर्न नसक्दा राज्यको नीति निर्माण र कार्यान्वयन बीच तालमेलको अभावका कारण आर्थिक समृद्धि र वित्तीय स्थीरता कायम गर्न चूनौतीपुर्ण हुने भएकोले यस तर्फ प्रदेश र संघीय सरकारको ध्यान जानु जरुरी छ ।
- स्थानीय तहमा न्याय प्राप्तिका लागि आउने सेवाग्राहीलाई न्यायिक समितिले मुद्दा दर्ता वापत शुल्क लिईनुले न्यायिक समितिको मर्म बिपरीत देखिएको हुँदा तत्कालै स्थानीय तहले संशोधन गरि नागरिकले सहज रुपमा न्यायमा पहुचको वातावरण निर्माण गर्नु अपरिहार्य छ ।
- यस त्रैमासिक अवधिमा पनि शान्ति सुरक्षा कायम राख्नु एक चूनौती नै रहेको देखिएकोले मानवअधिकार मैत्री शान्ति सुरक्षा योजना निर्माण र कार्यान्वयनमा जोड दिन आवश्यक देखिन्छ ।
- लैंगिक हिंसामा वृद्धि र निरन्तरता यस अवधीमा पनि देखिनुले शान्ति सुरक्षामा थप एउटा चूनौती थपिएको देखिन्छ । त्यसमा पनि साना उमेरका बालिका र किशोरीमाथिको हिंसा बढिरहेकोले यसतर्फ सरकार र सुरक्षा निकायले विशेष ध्यान दिनुपर्ने र पहलगर्नु पर्ने अवस्था रहेको छ ।
- विगतमा झै यस त्रैमासिक अवधिमा पनि नेत्रबिक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीको गतिबिधिले सुरक्षा चूनौती थप बढेर गएको देखिन्छ । सरकारले संगठनमा प्रतिबन्ध लगाई नेता कार्यकर्ताहरुको पक्राउमा तिव्रता दिएपश्चात पनि विष्फोट र संरचनामा आगजनी र क्षतिका घटना झन बढनुले आउने दिनमा राजनीतिक असहजता अझ नबढला, थप क्षति नहोला भन्न सकिन्न । तसर्थ वार्ता र संवादको माध्यमले दुवै पक्ष ईमान्दार भई वार्ताको माध्यमबाट शान्तिपूर्ण निकास खोजिनु नै दीगो समाधान हुनेछ ।
- प्राकृतिक स्रोतको दोहन र गैरकानूनी निकासी पैठारीको समस्या यस त्रैमासिक अवधीमा पनि देखिएको छ । यो समस्यालाई समाधानमा सम्बद्ध सरोकारवाला उदासिन देखिनु आफैमा गम्भीर अवस्था हो । यसमा सम्बन्धीत सरोकारवालाहरुको तत्काल पहल आवश्यक छ । प्राकृतिक श्रोतको दोहनबाट अर्को समुदायमा पर्न सक्ने असरलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती पनि देखा परिरहेको छ । दीर्घकालिन रुपमा वातावरणिय संरक्षणको दृष्टिकोणले यसको प्रभाव विश्लेषण गरि उचित पहल गर्नु पर्ने देखिन्छ ।
- प्राकृतिक प्रकोपबाट प्रभावितहरुले अझै सम्म पुर्नस्थापन र पुर्ननिर्माणकाका कार्यक्रमहरुबाट सहयोग नपाउनुले राज्यको फितलो कार्यसम्पादन र कमजोर राजनीतिक ईच्छाशक्तिलाई दृष्टान्त गर्दछ । राज्यले आफनो उपस्थिती र नागरिकलाई राज्य प्रतिको विश्वास कायम राख्नका लागि अझैपनि राहत कुरेर वसेका लाभग्राहीलाई तत्कालै राहत सहयोग रकम उपलब्ध गराई उचित पुर्नवासका लागि जोड दिनु अपरिहार्य छ ।

१९ औं EWER त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुब्बा, प्रदेश नम्वर २ मा नन्दकुमार साह, प्रदेश नम्वर ३ मा कल्पना भट्टराई, गण्डकी प्रदेशमा रबिना बोहरा, प्रदेश नम्वर ५ मा मधेश मानवअधिकार गृह ( माहुरी होम) का बसन्त बन्जाडे, कर्णाली प्रदेशमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतका कमलराज लम्साल र सुदूरपश्चिम प्रदेशमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको विवरण संकलन र विश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने, प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल, र अविनाश कर्णले गर्नुभएको छ ।